नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

**प्रेस विज्ञप्ती**

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले Doing Business Report 2019 को सम्बन्धमा विश्व बैंकका प्रतिनिधि तथा Doing Business को मिसनसंग आज आफ्नो कार्यकक्षमा छलफल गर्नु भयो ।छलफलको क्रममा अर्थमन्त्री डा. खतिवडाले नेपालले लगानीको वातावरण सुधारको लागि नीतिगत र प्रणालीगत सुधारका कार्यलाई निरन्तरता दिइएको जानकारी गराउँदै उक्त सूचकांकको आधार र विधिमा परिमार्जन गर्नु पर्ने धारणा व्यक्त गर्नु भयो।

छलफलको क्रममा मिसनले Doing Business को विविध पक्षमा विवेचना गर्दै उच्चस्तरीय प्रतिवद्धता भएमा तथा केहि नीतिगत र प्रक्रियागत विषयहरुमा थप सुधार गर्न सकिएमा नेपालमा लगानीयोग्य वातावरणमा सुधार आउने जानकारी गराएको थियो। यसको प्रत्युत्तरमा अर्थमन्त्री डा. खतिवडाले अर्थ मन्त्रालयले आर्थिक सुधार प्रकृयामा सम्पर्क मन्त्रालयको रुपमा कार्य गर्ने र लगानीको वातावरण श्रृजना गर्ने कार्यको नेतृत्व स्वयं आफूले लिने भन्दै उच्च प्रतिवद्धताका साथ निजी क्षेत्रको लगानी वातावरण सुधारका प्रयासहरुलाई अगाडी बढाइने बताउनु भयो।साथै, नेपालले औद्योगिक श्रम सम्बन्धमा कानूनतः रोजगारदाता, श्रमिक र सरकारको त्रिपक्षीय सम्झौता तथा समझदारीबाट नयाँ औद्योगिक वातावरण सृजना गरिसकेको, केहि वर्ष देखि असल औद्योगिक श्रम सम्बन्ध कायम रहेको र प्रतिवेदनमा उल्लेख गरिएका धेरै विषयहरुले मुलुकका पछिल्ला सुधारहरु प्रतिविम्वित हुन नसकेको र हाल सुधारका कार्यले गति लिइरहेको सन्दर्भमा आगामी दिनमा यस प्रकारको प्रतिवेदन तयारी गर्दा निजी क्षेत्रसंगै सार्वजनिक क्षेत्रसंग पनि गम्भिर छलफल गरी वास्तविक विरवरणलाई समावेश गर्नु पर्ने धारणा राख्नु भयो।

मिसनको तर्फबाट विश्व बैंकका नेपाल स्थित देशीय प्रबन्धक (Country Manager)ले अर्थमन्त्रीज्यूको उच्च प्रतिवद्धताको लागि हार्दिक धन्यवाद दिदै सरकारसंग संगै मिलेर अगाडि बढ्ने र कहिलेकाँही सहि र पर्याप्त सूचना संप्रेषण नहुँदा पनि प्रतिवेदनले वास्तविकता सम्बोधन गर्न नसक्ने भएकोले यस तर्फ सम्बद्ध पक्ष गम्भिर हुनु पर्ने विचार राख्नु भएको थियो ।

छलफलको क्रममा अर्थ सचिव, राजस्व सचिव लगायतका अर्थ मन्त्रालयका उच्च पदस्थ कर्मचारीहरु र विश्व बैंकका नेपाल देशीय प्रवन्धक तथा विश्व बैंकका उच्चपदस्थ कर्मचारीहरु र Doing Business को मिसनका प्रतिनिधिहरु उपस्थित हुनु भएको थियो।

२०७५ मंसिर १४ गते शुक्रबार
अर्थ मन्त्रालय